Global Policy Forum for Nepal

London, 9 March 2017

**प्रेस विज्ञप्ति**

‘ग्लोबल पोलिसी फोरम फर नेपाल’ का अध्यक्ष तथा बेलायतको लीड्स विश्वविद्यलयका अन्तरराष्ट्रिरय कनूनका प्राध्यपाक ब्यरिस्टेर प्रा. सूर्यप्रसाद सुवेदी क्यूसीले नेपाल सरकार तथा सबै प्रमुख दलहरुलाई नेपालको संविधानको पुनरावलोकन गर्न विशेषज्ञहरु सम्मिलित एक स्वतन्त्र आयोग गठन गर्न आव्हान गर्नुभएको छ ।

आज जारी एक वक्तव्यमा प्रा. सुवेदीले चारजनाको ज्यान जानुका साथै अरु कैयौं घाइते हुनेगरी सोमबार सप्तरीमा प्रदर्शनकारीहरुमाथि प्रहरीले गोली चलाएको घटनाप्रति गहिरो चिन्ता व्यक्त गर्नुभएको छ । उहांले सबै पक्षलाई अत्यधिक संयम अपनाउन तथा हिंसात्मक गतिविधिमा सहभागी नहुन पनि आग्रह गर्नुभएको छ । ‘नेपालमा शान्ति अझै धर्मराउंदो स्थितिमा छ । हतारमा र हचुआका आधारमा लेखिएको र देशभित्रकै प्रमुख राजनीतिक शक्तिहरुबीच सहमति कायम नगरिकनै जारी गरिएको संविधान कार्यान्वयनमा अहिले समस्या देखिएका छन्। सबै प्रमुख दलका नेताहरुले नेपालमा प्रजातन्त्रलाई एक उपहास बनाएका छन्। कानुनको शासन कमजोर बनिरहेको छ र शैक्षिक संस्थाहरु, कुटनीतिक सेवा सहित निजामती सेवा, प्रहरी र न्यायालयसमेतमा गरिएको राजनीतिकरणले राज्यका निकायहरु प्रभावकारी भएका छैनन’, उहांले विज्ञप्तिमा भन्नुभएको छ ।

आफ्नो वक्तव्यमा प्रा. सुवेदीले नेपाल सरकार तथा अन्य राजनीतिक दलहरुलाई नेपाली जनताको वृहत्तर हितकालागि काम गर्न, प्रजातन्त्रप्रति जनताको आस्था बहाल गर्न, कानुनको शासनलाई बलियो तुल्याउन र सबै मानिसलाई न्याय दिने एउटा समावेशी समाज निर्माण गर्न राज्यका निकायहरुमा व्यापक सुधार गर्न पनि आव्हान गर्नुभएको छ । ‘अहिले अगाडिको बाटो भनेको नेपाली समाजका विभिन्न भागबाट उठाइएका मुद्दाहरुलाई संबोधन गर्नेगरी संशोधनकालागि सुझाव दिन नेपाल सरकार र सबै राजनीतिक दलहरुले संविधानको पुनरावलोकनकालागि विशेषज्ञहरु रहेको एक स्वतन्त्र आयोग गठन गर्नु नै हो’, वक्तव्यमा उल्लेख छ ।

प्रा. डा. सूर्यप्रसाद सुबेदी, क्यूसी

अध्यक्ष

ग्लोबल पोलिसी फोरम फर नेपाल तथा बेलायतको लीड्स विश्वविद्यलयका अन्तरराष्ट्रिरय कनूनका प्राध्यपाक
==================================================
============

Professor Surya P. Subedi, QC, Chairman of the Global Policy Forum for Nepal and Professor of International Law at the University of Leeds in England has called upon the Government of Nepal and all major political parties to establish an independent commission of experts to review the Constitution of Nepal

In a press statement released today Professor Subedi has expressed his deep concern about the violence and use of live ammunition at demonstrators in Saptari district of Nepal resulting in the loss of life of four people and serious injury of scores of others. He has called upon all sides to exercise maximum restraint and not to resort to violence. He has stated that peace in Nepal is still fragile. The new Constitution written in a hotchpotch and adopted without building a consensus among the major political forces within the country has created its own problems of implementation. Political leaders of all major political parties have made a mockery of democracy in Nepal. The rule of law is getting weaker and politicisation of the educational institutions, civil service, including the diplomatic service, the police service and the judiciary has rendered many state institutions unable to perform effectively.

Professor Subedi has called upon the Government of Nepal and other political parties to work in the greater interests of the people of Nepal, restore people’s confidence in democracy, strengthen the rule

of law, promote greater respect for human rights and carry out a sweeping reform of state institutions to build a cohesive society that is fair for all. He has added that the way forward at this juncture is for the Government and all other major political parties to form an independent commission of experts to review the Constitution and make recommendations for its amendment to address the issues raised by different sections of the population in Nepal.

Professor Surya P. Subedi, QC
Chairman of the Global Policy Forum for Nepal and Professor of International Law
University of Leeds, England

-End-